# उद्योग संगठन मोरङ

**CHAMBER OF INDUSTRIES, MORANG**

(An ISO 9001:2000 Certified Organisation)

बिराटनगर, नेपाल

स्थापना : २०२४

प. स. ..............................

च. नं. २०८२/८३ मिति २०८२।१२।१३

उद्योग संगठन मोरङ स्था:-२०२४ विराटनगर




श्रीमान अध्यक्षज्यू
जिल्ला/नगर उद्योग वाणिज्य संघहरु

विषयः **<u>सहयोग एवं समर्थन बारे</u>** ।

महोदय,

उपरोक्त विषयमा नेपाल उद्योग वाणिज्य महासंघको आगामी चैत्र २८ र २९ गते सम्पन्न हुन गइरहेको महाअधिवेशन तथा केन्द्रीय कार्यसमितिको निर्वाचनमा उद्योग संगठन मोरङका पूर्व अध्यक्ष श्री सुयश प्याकुरेलज्यूले एशोसिएट तर्फबाट महासंघको केन्द्रीय सदस्य पदमा उम्मेदवारी घोषणा गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

उद्योग संगठन मोरङलाई कुशल, दूरदर्शी र परिणाममुखी नेतृत्व प्रदान गरिसक्नु भएका प्याकुरेलज्यूको कार्यकालमा संगठनले निजी क्षेत्रको विकास र प्रवर्द्धनका लागि नवप्रवर्तनयुक्त तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरेको तथ्य सर्वविदित नै छ । उहाँको नेतृत्वमा सञ्चालित स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम, बिजनेस क्लिनिक, इन्डस्ट्रिज-एकेडेमिया लिंकेज कार्यक्रम तथा मेरो देश, मेरै उत्पादन जस्ता फरक धारका पहलहरूले उद्योग संगठन मोरङले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफनो फरक पहिचान वनाउन सफल हुनुका साथै सम्पूर्ण जिल्ला/नगर उद्योग वाणिज्य संघहरूलाई पृथक अनुकरणीय कार्यक्रम संचालन गर्न अभिप्रेरित गरेको छ ।

त्यसैगरी, निजी क्षेत्रका आवाज, समस्या र चुनौतीहरूलाई प्रभावकारी, सशक्त र बुलन्द रूपमा सम्बन्धित निकायसमक्ष प्रस्तुत गर्दै बहस, पैरवी र समन्वयका माध्यमबाट ठोस तथा परिणाममुखी पहलहरू अघि बढाउन उहाँले निर्वाह गर्नुभएको नेतृत्वदायी भूमिका र नीजि क्षेत्रलाई एकताबद्ध गर्दै नीजि क्षेत्रको भावना र चाहनालाई केन्द्रमा राखेर अघि बढ्ने उहाँको क्षमता नै आजको परिवर्तित सन्दर्भमा आवश्यक छ ।

वर्तमान परिवेशमा नेउवामहासंघको भूमिका अझ सशक्त, प्रभावकारी र दूरगामी बनाउन सक्षम नेतृत्व आवश्यक रहेको सन्दर्भमा उद्योग संगठन मोरङले श्री सुयश प्याकुरेलज्यूलाई केन्द्रीय सदस्य पदका लागि अघि सारेको छ । उहाँको अनुभव, प्रतिबद्धता र कार्यशैलीले महासंघलाई नयाँ उचाइमा पुर्‍याउन महत्वपूर्ण योगदान पुर्‍याउने विश्वासका साथ महासंघको भावी नेतृत्व चयनको यस महत्वपूर्ण अभियानमा यहाँहरूको सक्रिय सहयोग, समर्थन तथा ऐक्यबद्धता अपेक्षा गर्दै श्री सुयश प्याकुरेलज्यूलाई अत्यधिक मतका साथ विजयी गराउन हार्दिक अपिल गर्दछु ।

नन्दकिशोर राठी
अध्यक्ष

आर्थिक विकासको मूल 'आधार, सह - 'अस्तित्व उद्योग र व्यापार

P. O. Box No. : 233, Sahid Marga, Biratnagar -2, Nepal
Ph. No : 021-515712, 574426, 577646, 511449
Email : cim.biratnagar@gmail.com | Website : www.cim.org.np
पोष्ट बक्स नं. २३३, शहिद मार्ग, बिराटनगर-२, नेपाल, फोन नं.: ५१५७१२, ५७४४२६, ५७७६४६, ५११४४९

STOP CHILD LABOUR